# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला भक्तपुर चित्तपोल वडा नं.४ हाल वी.उ.म.न.पा. वडा नं. ४ विर्ता बस्ने शारदा देउजाको नाउँमा दर्ता रहेको वी.उ.म.न.पा. वडा नं.४, कित्ता नं. २३७ को क्षेत्रफल ०.००७३.२० वर्गमिटर जग्गा ढलान बाटोमा रहेको २ तल्ले पक्की घर कौशलकिशोर श्रीवास्तवलाई रु.३,००,०००।-(अक्षरेपी तीन लाख रुपैया मात्र) मोल राखी जग्गा मात्र ०.००७३.२० लिखतमा देखाई सवै फाँट चेक गरी शाखा अधिकृतको चेकभै टोकन लागी रातो मसीले चेक गरी घेरेर लिने दिनेको सनाखत सहीछाप गरी लिखत पारित भै सकेपछि लिनेदिने र लेखनदासको मिलोमतोमा पास भएको लेखतमा रातो मसीले चेक गरी घेरेको तल कार्यालयलाई समेत झुक्याई जम्मा ७३.२० को भित्र जग्गामा भएको घर भनी थपी, दिनेको सही छाप गराई सरकारी कागज किर्ते जालसाजी गरी रु.३५,००,०००।- मूल्यांकन जाने घरजग्गा रु.३,००,०००।- मोल राखी मिति २०७१।०९।२१ मा र.नं. ५७२० (क) बाट रु.१२,०००।- राजस्व तिरी रु.३२,००,०००।- को राजस्व १,२८,०००।- सरकारी कागज किर्ते जालसाजी गरी ठगी गरेको राजस्व असुलउपर गरी कानूनी कारबाही होस् भन्ने व्यहोराको उजुरी अनुसन्धानको क्रममा मालपोत कार्यालय, पर्सा, बीरगन्जका रजिष्ट्रेशन फाँट 'क' मा कार्यरत रहेका ना.सु. दयाराम खत्री, ना.सु. लेखनाथ भट्टराई र मालपोत अधिकृत पदमप्रसाद अर्यालले बीरगन्ज उप-महानगरपालिका वडा नं.४ कि.नं.२३७ क्षे.फ.७३.२० वर्गमिटर जग्गा मिति २०७१।०९।२१ गतेका दिन लिखत पारित गर्दा रजिष्ट्रेशन फाँट 'क' मा कार्यरत रहेका ना.सु. दयाराम खत्री, ना.सु. लेखनाथ भट्टराई र मालपोत अधिकृत पदमप्रसाद अर्यालले प्रचलित कानूनबमोजिम राजस्व निर्धारण गर्दा हेर्नुपर्ने वा परीक्षण गर्नुपर्ने घरबाटो सिफारिस लगायतका कागजातहरू नहेरेको, परीक्षण नगरेको, आवश्यक प्रमाण संकलन नगरी घटी राजस्व निर्धारण गरी लिखत पारित गरेका कारण नेपाल सरकारलाई हानिनोक्सानी पुगी निजहरूले भ्रष्टाचार निवारण ऐन,२०५९ बमोजिमको कसुर गरेको, जग्गा बिक्रीकर्ता सारदा देउजा र जग्गा खरिदकर्ता कौशलकिशोर श्रीवास्तवले जग्गाको मूल्यांकन कम गराउने उद्देश्यले थैली कम राखी लिखत तयार पारी मालपोत कार्यालयको कर्मचारीको मिलेमतोमा रजिष्ट्रेशन पारित गराएको देखिन आएकोले देहाय बमोजिमका व्यक्तिहरूलाई देहायबमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|---|
| १. | पदमप्रसाद अर्याल | तत्कालीन अधिकृत | मालपोत कार्यालय, पर्सा, बीरगन्ज | रु.५२,०७१/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ख) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा ७, दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय |
| २. | दयाराम खत्री | तत्कालीन नायव सुब्बा | ,, | रु.५२,०७१/- | ,, |
| ३. | लेखनाथ भट्टराई | तत्कालीन नायव सुब्बा | ,, | रु.५२,०७१/- | ,, |
| ४. | सारदा देउजा | जग्गाधनी | - | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) बमोजिम सजाय |
| ५. | कौशलकिशोर श्रीवास्तव | जग्गा खरिदकर्ता | - | - | ,, |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता